

शाश्वत् मानव
धर्म र जीवनको
शान्तिको पथ

सत्येन्द्रलाल कर्ण
lalsatyendra1959@gmail.com

(३)



**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९



जि.प्र.का.झापा द.नं.६९। ०५७/०५८ सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com



**आमा डेन्टल केयर प्रा. लि.**

दमक–६, थानारोड (प्रधान कार्यालय)
सम्पर्क नम्बर : 023-572643/9814912500
दमक–१, रबि स्टेन्ड गेट नजिक (शाखा कार्यालय)
सम्पर्क नम्बरः 023-577816

हाम्रा उपलब्ध डाक्टरहरु

१. डा. प्रनेस श्रेष्ठ (MDS- Orthodontist)
२. डा. सुस्मिता नेपाल (BDS- Dental Surgeon)
३. डा. मीरा आचार्य (BDS- Dental Surgeon)

नोट : हप्ताको सातै दिन दन्त उपचार सेवा उपलब्ध छ।



वर्ष-२१ | अंक - १२३ | २०८३ वैशाख २२ गते मंगलबार | Tuesday, 05 May 2026 | मूल्य ७ /-


## संवैधानिक परिषद अध्यादेश पुनः सिफारिस

**काठमाडौं/** सरकारले संवैधानिक परिषद् सम्बन्धी अध्यादेश पुनः जारी गर्न राष्ट्रपतिसमक्ष सिफारिस गरेको छ ।

सोमबार बसेको मन्त्रिपरिषद् बैठकले संवैधानिक परिषद् (पहिलो संशोधन) अध्यादेश २०८३ जारी गर्नका लागि पुनः सिफारिस गर्ने निर्णय गरेको सरकारका प्रवक्ता सस्मित पोखरेलले जानकारी दिए । यसअघि पनि योसहित विभिन्न ८ वटा अध्यादेश सिफारिस भएका थिए । तीमध्ये ७ वटा राष्ट्रपतिले जारी गरेका थिए भने संवैधानिक परिषद्सम्बन्धी अध्यादेश पुनर्विचारका लागि फिर्ता पठाएका थिए । उक्त अध्यादेश जस्ताको तस्तै सिफारिस भएको प्रवक्ता पोखरेलले जानकारी दिए ।

## पूर्वराजदूतको अपिल

**दमक/** चीनका लागि नेपालका पूर्वराजदूतहरूले संवेदनशील र प्रभावकारी परराष्ट्र नीति अपनाउन सरकारलाई अपिल गरेका छन् । नेपाल-चीन दौत्य सम्बन्ध ७० वर्ष पुगेको उपलक्ष्यमा चीनका लागि नेपालका पूर्वराजदूतहरू राजेश्वर आचार्य, महेन्द्र पाण्डे, टंक कार्की, महेश मास्के, लीलामणि पौडेल, विष्णु पुकार श्रेष्ठ र कृष्ण प्रसाद ओलीले संयुक्त विज्ञप्ति जारी जारी गर्दै सरकारलाई सो आग्रह गरेका हुन् ।

## दुर्घटनामा थप २ को मृत्यु

**काठमाडौं/** रोल्पामा जिप दुर्घटना हुँदा मृत्यु हुनेको संख्या २० पुगेको छ । नेपाल प्रहरीका अनुसार रोल्पाको थवाङ गाउँपालिका १ जलजलामा रूकुम पूर्वबाट जाँदै गरेको जिप दुर्घटना भएको हो ।

जिल्ला प्रहरी कार्यालय रोल्पाका सूचना अधिकारी प्रहरी निरीक्षक सुनिल थापाका अनुसार लु १ ज ४१६७ नम्बरको जिप दुर्घटनामा थप दुईको मृत्यु भएको तर उनहरूको पहिचान खुल्न नसकेको बताएका छन् ।

## सरकारद्वारा ५७ मिलियन डलर ऋण स्वीकार

**काठमाडौं/** सरकारले विश्व बैंक बाट प्राप्त हुने ५७ मिलियन अमेरिकी डलर बराबरको सहुलियतपूर्ण ऋण तथा अनुदान स्वीकार गर्ने निर्णय गरेको छ । सोमबार बसेको मन्त्रिपरिषद् बैठकले उद्योगहरूलाई कर्जा प्रवाह र वायु गुणस्तर सुधारका लागि ५२ मिलियन डलर ऋण र पाँच मिलियन डलर अनुदान स्वीकार गर्ने निर्णय गरेको हो । सरकारका प्रवक्ता सस्मित पोखरेल का अनुसार बैठकले कृषि क्षेत्रका लागि पनि महत्वपूर्ण निर्णय गरेको छ । जीटूजी (सरकार-सरकार) प्रक्रियामार्फत भारतबाट ६० हजार मेट्रिक टन युरिया र २० हजार मेट्रिक टन डीएपी मल खरिद गर्न कृषि सामग्री केन्द्र लिमिटेडलाई स्वीकृति दिइएको छ ।

## मोरङमा किशोरी बलात्कार आरोपमा युवक पक्राउ

**मोरङ/** मोरङ मा १७ वर्षीया किशोरीलाई बलात्कार गरेको आरोपमा एक युवक पक्राउ परेका छन् । प्रहरीका अनुसार ग्रामथान गाउँपालिका-२ का १९ वर्षीय प्रिन्स खाँ थारूलाई आइतबार साँझ पक्राउ गरिएको हो । उनले बेलबारी नगरपालिका-५ की किशोरीलाई ग्रामथान-६ स्थित आफन्तको घरमा लगेर बलात्कार गरेको आरोप छ । घटनापछि पीडितका आफन्तले इलाका प्रहरी कार्यालय बेलबारीमा किटानी जाहेरी दिएका थिए। जाहेरीका आधारमा इलाका प्रहरी कार्यालय हरैंचाबाट खटिएको टोलीले उनलाई नियन्त्रणमा लिएको हो ।

### १९ आयोगले समाधान दिन नसकेको भुमि समस्या

# उपत्यकामा सरकारको 'ब्रेक थ्रु'

बाबुराम क्षेत्री

**दमक/** अहिले देशै भरि अतिक्रमित क्षेत्र खालि गराउने क्रम चलि रहेको छ । सवै भन्दा बढि आक्रामक रूपमा संघीय राजधानी काठमाडौमा यो अभियान चलेको छ । भुमि सम्वन्धि समस्या समाधानका लागि पटक पटक सरकारले आयोग समेत बनाउने गरेको छ । तर समस्या समाधान हुन सकेको छैन । राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता वालेन्द्र शाहको नेतृत्वमा सरकार बनेपछि यो विषयले उपत्यकामा 'ब्रेक थ्रु' नै गर्नेतिर अगाडि बढिरहेका छन् ।

पछिल्लो पटक केपी शर्मा ओली नेतृत्वको सरकारले गठन गरेको भुमि सम्वन्धि समस्या समाधान आयोगले काम गरि रहेको छ । भूमिहीनको समस्या समाधान गर्न १४ कात्तिक ०८१ मा हरिप्रसाद रिजालको अध्यक्षतामा गठित आयोग ०४७ सालयताको १९ औं हो । सुशीला कार्की नेतृत्वको सरकारले उक्त आयोगलाई विघटन गरे पनि सर्वोच्च अदालतको आदेशबाट थामिएको थियो । चुनावपछि गठित सरकारले अदालतको निर्णयमाथि पुनरावलोकनको माग गरेको छ । आयोगले देशैभरका स्थानीय तहसँग गरेको कार्य सहमतिअनुसार पालिकाहरुले भूमिहीन तथा अव्यवस्थित बसोबासीको लगत संकलन गरेर आयोगको सूचना प्रणालीमा लगत प्रविष्ट गरेका छन् । पालिकामार्फत आयोगमा निवेदन संकलन हुँदै आएको छ ।

आयोगका अध्यक्ष रिजालले प्रमाणीकरण भइसकेकाहरूका लागि एक लाख लालपुर्जा तयार भएर वितरणको पर्खाइमा रहेको बताएका छन् । सबैभन्दा बढी लुम्बिनी प्रदेशबाट ३ लाख १८ हजार ९ सय ८५ जनाको निवेदन आएको छ । कोशीबाट २ लाख ५२ हजार, सुदूरपश्चिमबाट २ लाख ३१ हजार, बागमतीबाट १ लाख ३५ हजार, मधेशबाट १ लाख २४ हजार, गण्डकीबाट ९२ हजार ८ सय र कर्णालीबाट ५८ हजार वटा निवेदन परेका छन् ।

आयोगको तथ्याङ्कलाई हेर्ने हो भने देश भरि १२ लाख भन्दा बढिको भुमि सम्वन्धि समस्या रहेको छ । तर यो सवै सुकुमबासीको तथ्याङ्क होईन, अव्यवस्थित बसोबासी समेतको हो । स्थानीय तहमार्फत आयोगमा जग्गा प्राप्तिका लागि १२ लाख १३ हजार ८ सय १२ जनाले निवेदन दिएका छन् । ९८ हजार ८ सय ५१ भूमिहीन दलित, १ लाख ८१ हजार ३ सय ७८ भूमिहीन सुकुमवासी तथा ९ लाख ३३ हजार ५ सय ८३ अव्यवस्थित बसोबासीले आयोगमा निवेदन दिएका हुन् ।

आयोगका अध्यक्ष रिजालले सुकुमवासी तथा अव्यवस्थित बसोबासीको वैज्ञानिक तरिकाले लगत संकलन पूरा भएको बताएका छन् । भूमिहीन तथा अव्यवस्थित बसोबासीका नाममा जग्गा माग गरेर आएका निवेदनहरूको परीक्षण भइरहेको पनि बाँकी ४ पेजमा

## ऋणीको सम्पत्ती र राहदानी रोक्का नहुने

**दमक/** सरकारले सहकारी ऐनमा गरिएको संशोधनले समस्याग्रस्त सहकारीमा ठगी आरोपित ऋणीलाई सहयोग पुग्ने गरि व्यवस्था गरेको छ । संशोधनअनुसार अब अनुसन्धानका क्रममा ऋणीको सम्पत्ति र राहदानी रोक्का हुने छैन । सहकारी ऐन २०७४ को दफा ११५ को उपदफा १ (क) र (ख) मा संशोधन गर्दै नयाँ व्यवस्था लागू गरिएको हो । यसअघि दफा 'क' ले समितिको ऋणी सदस्य, व्यवस्थापक तथा कर्मचारी वा निजका परिवारको सदस्य वा संस्था वा संघको कुनै बैंक वा वित्तीय संस्थामा भएको आर्थिक कारोबार वा खाता वा अन्य चल अचल सम्पत्ति रोक्का राख्न व्यवस्थापन समितिले सम्वन्धित निकायसमक्ष लेखि पठाउन सक्ने भनिएको थियो ।

यसमा संशोधन गर्दै 'ऋणी' शब्दको साटो 'सञ्चालक' शब्द राखिएको छ । सञ्चालक भन्नाले सहकारीका बोर्ड सदस्यहरूलाई बुझिन्छ । यस्तै, अर्को बुँदामा समितिको ऋणी सदस्य, व्यवस्थापक वा कर्मचारीलाई राहदानी जारी नगर्न वा जारी भइसकेको भए रोक्का राख्न व्यवस्थापन समितिले लेखिपठाउन सक्ने उल्लेख थियो । यसबाट पनि ऋणी शब्द झिकेर 'सञ्चालक' बाँकी ४ पेजमा

## सभामुख अर्यालद्वारा संसद प्रभावकारी बनाउन छलफल

**दमक/** सभामुख डोलप्रसाद अर्याल ले संसदलाई प्रभावकारी बनाउने उद्देश्यसहित विभिन्न दलका प्रमुख सचेतक तथा सचेतकहरूसँग छलफल गरेका छन् । संसद्को आगामी अधिवेशनलाई व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गर्ने विषयमा केन्द्रित उक्त छलफलमा संसद्मा प्रतिनिधित्व गर्ने सबै दलका सचेतकहरूको सहभागिता रहेको थियो ।

छलफलपछि सञ्चारकर्मीसँग कुरा गर्दै राष्ट्रिय स्वतन्त्र पार्टी की सचेतक क्रान्तिशिखा धिताल ले संसद्को कार्यप्रणाली सुधार गर्ने विषयमा सकारात्मक संवाद भएको बताइन्। उनले प्रमुख सचेतक तथा सचेतक चयनपछि सभामुखसँग पहिलो पटक औपचारिक भेटघाट भएको र सो क्रममा बधाई तथा शुभकामना आदानप्रदान समेत गरिएको जानकारी दिइन् ।

त्यस्तै, सोही पार्टीका सचेतक प्रकाशचन्द्र परियार ले संसदमा प्रतिनिधित्व गर्ने सबै दलबीच संसद् सञ्चालनका अवस्था, चुनौती र समाधानका उपायबारे खुला छलफल भएको बताए ।

नेपाली काँग्रेस की प्रमुख सचेतक बासना थापा ले संसद् छिटो सञ्चालन बाँकी ४ पेजमा

# मुन्दुम ट्रेलमा गुराँसको रङीन उत्सव

*__खोटाङ/__ वसन्त ऋतुको आगमनसँगै पूर्वी पहाडी जिल्ला खोटाङमा पर्ने मुन्दुम ट्रेल यतिबेला प्रकृतिको अनुपम सौन्दर्यले झन् जीवन्त बनेको छ । नेपाल सरकारले निर्धारण गरेको प्रमुख १०० पर्यटकीय गन्तव्यभित्र समेटिएको यो पदमार्ग अहिले विभिन्न रङ र प्रजातिका गुराँसले ढकमक्क फुलेर पर्यटकको ध्यान खिचिरहेको छ ।*

*मुन्दुम ट्रेल आसपासका हरिया वन, पाखा र विशाल घाँसेमैदानमा रातो, सेतो र गुलाबी गुराँस एकैसाथ फुलेका दृश्यले प्रकृतिप्रेमीलाई लोभ्याइरहेको छ। विशेषगरी साकेला गाउँपालिका-३ खिदिमास्थित तावाभञ्ज्याङबाट सुरू हुने यस पदमार्गका वन क्षेत्रमा लालीगुराँस, चिमाल र चाँपका फूलहरूले वातावरण सुगन्धित बनाएका छन् ।*



*हालै पदयात्रा पूरा गरेका ओजनबाबु आचार्य नेतृत्वको टोलीले मुन्दुम ट्रेललाई "प्रकृतिको स्वर्गीय अनुभूति दिने स्थल"का रूपमा वर्णन गरेको छ। टोलीका सदस्यहरूले सामाजिक सञ्जालमा सार्वजनिक गरेका गुराँसका तस्बिरहरूले थप पर्यटक आकर्षित गरिरहेका छन् । यस प्रभावले पछिल्ला दिनमा आन्तरिक पर्यटकको सत्त्या उल्लेख्य रूपमा बढ्दै गएको स्थानीय बताउँछन् ।* बाँकी ४ पेजमा

# दमक नगरपालिका पूर्ण खोप सुनिश्चितता घोषणा



**दमक/** झापा जिल्लाको दमक नगरपालिकालाई १५ महिना मुनिका बच्चाहरूका लागि पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा सोमबार गरिएको छ ।

दमक नगरपालिकाको प्राङ्गणमा आयोजित सो कार्यक्रम नगरपालिकाको स्वास्थ्य शाखाद्वारा आयोजना गरिएको थियो । नगरप्रमुख रामकुमार थापाको अध्यक्षतामा उक्त घोषणा कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा जनप्रतिनिधि, स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका, सञ्चारकर्मी तथा सरोकारवाला निकायहरूको उल्लेख्य उपस्थिति रहेको थियो ।

कार्यक्रममा बोल्दै नगरप्रमुख थापाले पूर्ण खोप सुनिश्चितता हासिल गर्नु दमक नगरपालिकाका लागि महत्वपूर्ण उपलब्धि भएको बताए । उनले स्वास्थ्यलाई मौलिक मानव अधिकारको रूपमा स्थापित गरिएको सन्दर्भमा खोप कार्यक्रमले बालबालिकाको जीवन सुरक्षा र स्वस्थ भविष्य निर्माणमा बाँकी ४ पेजमा

## पत्रकार महासंघ झापा शाखाको साधारणसभा सम्पन्न

बिर्तामोड । नेपाल पत्रकार महासंघ झापा शाखाको वार्षिक साधारणसभा सोमबार बिर्तामोडस्थित होटल 'द किङ्सबरी'मा सम्पन्न भएको छ।

अध्यक्ष एकराज गिरीको अध्यक्षता तथा महासंघका कार्यवाहक अध्यक्ष दीपक आचार्यको प्रमुख आतिथ्यमा सम्पन्न सभामा सहभागी अधिकांश वक्ताहरूले सरकारी सूचना तथा विज्ञापन नीतिप्रति असन्तुष्टि जनाएका छन्। उनीहरूले सरकारको पछिल्लो




कदमले स्थानीय सञ्चार माध्यमलाई कुण्ठित बनाएको धारणा राखे।

कार्यक्रमका प्रमुख अतिथि आचार्यले सरकारी सञ्चार माध्यमलाई मात्र एकलौटी रूपमा सूचना प्रवाह गर्ने प्रवृत्तिको विरोध गर्दै त्यसलाई बाँकी ४ पेजमा

## १६ बुँदे घोषणापत्र जारी गर्दै वुमन लिडरसिप समिट सम्पन्न

विराटनगर । महिला उद्यमशीलता, वित्तीय पहुँच र नीतिगत सहभागितालाई केन्द्रमा राख्दै आयोजित 'वुमन लिडरसिप समिट २०२६' १६ बुँदे घोषणापत्र जारी गर्दै सम्पन्न भएको छ। सम्मेलनबाट पारित घोषणापत्र कोशी प्रदेश सरकारलाई हस्तान्तरण गर्दै महिलालाई अर्थतन्त्रको प्रमुख चालक शक्तिका रूपमा स्थापित गर्न ठोस नीतिगत हस्तक्षेपको माग गरिएको छ।

घोषणापत्रमा उत्पादन, रोजगारी, लगानी र नेतृत्व तहमा महिलाको सुनिश्चित सहभागिताका लागि स्पष्ट नीति, सहुलियत र कार्यक्रम आवश्यक रहेको उल्लेख गरिएको छ। साथै वित्तीय पहुँच विस्तार, सीप विकास, उद्यम प्रवर्द्धन र बजार व्यवस्थापनमा सरकार र निजी क्षेत्रबीच सहकार्य अपरिहार्य रहेको बाँकी ४ पेजमा


**आईसीयूका लागि नर्स आवश्यकता**

दमक हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि., दमक ८ लाई **आईसीयू सेवा**का लागि **५ जना नर्सिङ स्टाफ** आवश्यक रहेकाले योग्यता पुगेका ईच्छुक व्यक्तिहरुलाई योग्यताको प्रमाण पत्रको प्रतिलिपिसहित आवेदन दिनु हुन जानकारी गराईन्छ ।

- **योग्यता** : बीएन उत्तिर्ण गरि १ वर्षको अनुभव
- **आवेदन दिने अन्तिम मिति** : २०८३/१/२२ गते
- **सम्पर्क नं** : ०२३–५७१९७१
- **मो.** : ९८२५९८०००८/९८०७९४३२०२

## सम्पादकीय

# सुशासनको युग थालनीको अवसर

नेपाल सरकारले पछिल्लो समय अवैध तथा अकुत सम्पत्तिको छानविनलाई आक्रामक ढंगले अघि बढाएको छ । यसका लागि छुट्टै आयोग गठन गरी काम प्रारम्भ भइसकेको छ, जसले सार्वजनिक पदमा बसेका व्यक्तिहरुको सम्पत्ति विवरणलाई केन्द्रमा राखेर अनुसन्धान गर्ने लक्ष्य लिएको छ । पहिलो चरणमा २०६२/६३ पछि हालसम्म सार्वजनिक पद धारण गरेका व्यक्तिहरुलाई लक्षित गरिएको छ भने दोस्रो चरणमा २०४८ देखि २०६१/६२ सम्मको अवधिका पदाधिकारीहरुको सम्पत्ति छानविन गर्ने योजना रहेको छ ।

यो पहल सुशासन, पारदर्शिता र जवाफदेहिताको दृष्टिले अत्यन्त महत्वपूर्ण कदम हो । लामो समयदेखि नेपालमा भ्रष्टाचार, अनियमितता र अकुत सम्पत्ति आर्जनका विषयमा जनस्तरमा गुनासो रहँदै आएको छ । राजनीतिक अस्थिरता, कमजोर निगरानी संयन्त्र र प्रभावशाली व्यक्तिहरुको पहुँचका कारण यस्ता विकृतिहरुले जरा गाड्दै गएका थिए । त्यसैले अब सरकारले यस्ता गतिविधिमाथि कडा कदम चाल्नु आवश्यक मात्र नभई अपरिहार्य पनि भइसकेको छ ।

यस प्रकारको छानविनले राज्यप्रति नागरिकको विश्वास पुनःस्थापित गर्न महत्वपूर्ण भूमिका खेल्न सक्छ । जब सार्वजनिक पदमा बसेका व्यक्तिहरुको सम्पत्ति पारदर्शी र कानुनी दायराभित्र रहेको प्रमाणित हुन्छ, तब मात्र राज्यप्रतिको भरोसा बलियो बन्छ । साथै, अवैध सम्पत्ति आर्जन गर्नेहरुलाई कानुनी कारबाहीको दायरामा ल्याउन सके भविष्यमा भ्रष्टाचार गर्न खोज्नेहरुका लागि यो कडा सन्देश पनि हुनेछ । तर, यति महत्वपूर्ण अभियान सफल बनाउन केही आधारभूत सर्तहरु पूरा हुनु अत्यावश्यक छ । छानविन प्रक्रिया पूर्ण रुपमा स्वतन्त्र, निष्पक्ष र तटस्थ हुनुपर्छ । कुनै पनि राजनीतिक दबाब, व्यक्तिगत पूर्वाग्रह वा शक्ति केन्द्रको प्रभावमा परेर गरिने अनुसन्धानले अपेक्षित परिणाम दिन सक्दैन । यदि छानविनलाई प्रतिशोध वा राजनीतिक हतियारका रुपमा प्रयोग गरियो भने यसको विश्वसनीयता कमजोर हुन्छ र समग्र अभियान नै विवादित बन्न सक्छ ।

छानविन शुरू हुनु मात्र ठुलो कुरा होईन । यसलाई निष्कर्षमा पुऱ्याउनु सबैभन्दा महत्वपूर्ण पक्ष हो । नेपालमा थुप्रै यस्ता प्रयासहरु सुरू भए पनि अन्तिम परिणाममा नपुगेका उदाहरणहरु प्रशस्त छन् । यदि यो अभियान पनि बीचमै अल्झियो वा अधुरो रह्यो भने जनविश्वासमा झनै गिरावट आउनेछ । त्यसैले स्पष्ट समयसीमा, ठोस कार्ययोजना र परिणाममुखी दृष्टिकोण आवश्यक देखिन्छ ।

अवैध सम्पत्तिमाथिको छानविन केवल कानुनी प्रक्रिया मात्र होइन, यो देशलाई सुशासनतर्फ डोऱ्याउने एउटा ऐतिहासिक अवसर पनि हो । यदि यो अभियान निष्पक्ष, पारदर्शी र प्रभावकारी रुपमा सम्पन्न हुन सके, नेपालमा सुशासनको नयाँ अध्याय सुरू हुने सम्भावना बलियो छ । त्यस अवस्थामा यो कदम केवल सुधारको प्रयास मात्र नभई एउटा कोशेढुंगा सावित हुनेछ, जसले भविष्यका पुस्तालाई जिम्मेवार र जवाफदेही शासन प्रणालीको मार्ग देखाउनेछ । यो अभियान पूरा गरेर सरकारलाई नेपाललाई सुशासनको युगमा प्रवेश गराउने एउटा अवसर पनि प्राप्त भएको छ ।

# शाश्वत् मानव धर्म र जीवनको शान्तिको पथ



सत्येन्द्रलाल कर्ण
lalsatyendra1959@gmail.com

यो संसार विविधताले भरिएको छ । विविधता सृष्टि चक्रको एउटा अनौठो विशेषता नै हो। संसारको सृष्टि चक्रमा विद्यमान रहेको बहुआयामिक धार्मिक सामाजिक र सांस्कृतिक विविधताले नै संसार पानी जस्तै प्रवाहमान छ । संसारका विभिन्न प्रकारका अर्बौं खर्बौं जीवजन्तुहरु बोटबिरूवा र वनस्पतिहरु जडचेतनमा दृश्य अदृश्य रूपमा चलायमान भौतिक र अभौतिक शक्तिहरूले गर्दा मानिसहरु पनि अन्य जीवजगतभन्दा आफूलाई सर्वाधिक शक्तिशाली र सर्वाधिक बुद्धिमान प्राणी हुँदाहुँदै पनि यसै संसारको मायावी रचनाको सञ्जालभित्रै फसेको छ । अनादि कालदेखि युद्धमा होमिएका देशहरु वा व्यक्ति हरूले आˆनो अहंकारलाई मात्र परितुष्टि गर्ने संयन्त्रको रूपमा आफूलाई नै प्रयोग गर्दै आइरहेको छ ।

मानव जातिले आˆनो बुद्धिलाई भौतिकवादको प्रयोगशाला बनाउने क्रम निरन्तर बढ्दो छ । ईश्वर मानिसहरूको भावनाबाट झल्किने प्रकृतिको एउटा अभिन्न अङ्को रूपमा रहे पनि मानिसहरूले नै त्यसलाई परमात्माको रूपमा पहिचान गर्न दिनप्रतिदिन कठिन बन्दै गइरहेको छ । मानिसको मनभित्रका आँखाहरूबाट ईश्वरको दर्शन प्रत्यक्ष रूपमा गर्न नसकिने आत्मचेतना सम्म नहुने मानिसहरूले पूरै संसार अनात्मवाद वा अनिश्वरवादमा अडेको छ भनेर स्वाङमाथि नयाँ स्वाङ रचिरहेका देखिन्छन् । थरीथरीका पहिचान बोकेका यत्रो विधि स्वाङ् रच्ने जमात नेपालभित्र मात्र होइन नेपाल बाहिर संसारै भरिका अन्य अन्य देशहरूमा पनि छरिएका छन् । सत्य र असत्यबीचको युद्ध संसारको निर्माण भएदेखि नै निरन्तर रूपमा जारी रहेको छ । कहिले सत्यको हार भएजस्तो देखिन्छ भने कहिले असत्यको विजय भइरहेको पनि देख्न र सुन्न पाइन्छ । हजारौं लाखौं वर्षदेखि संसारलाई हाँक्ने संयन्त्रहरूमा स्थिरता र स्थायित्व आउन सकेको छैन । प्रकृतिमा देखिने ऋतु क्रम जस्तै अहिले संसारमा आर्टिफिसियल इन्टेलिजेन्स वा कृत्रिम बौद्धिकतामा निरन्तर परिवर्तन आउन थालेको छ ।

धर्मग्रन्थका पानाहरु पल्टाउने विद्वानहरु, पण्डित, मुल्ला र पादरी हरू आत्मामुग्ध छन् । उनीहरु धर्मका जानकारहरु भनेर धेरै मानिसहरूले उनीहरूको पाउ पूजा पनि गरेको पाइन्छ । तर सत्यलाई चिन्ने आँखाहरु उनीहरूसँग पनि हराउँदैछ । उनीहरूले एउटालाई ईश्वर र अर्कोलाई दुष्ट वा शैतान वा राक्षस भनेर कित्ता काट गरी परिभाषित गरेका छन् । विश्व ब्रह्माण्डमा अनियन्त्रित विद्युत प्रवाह झैं प्रवाहित भइरहने आत्मचेतना नै परमात्माको सुपरपावर हाउस हो भन्ने कुरा उनीहरूले पत्तो लगाउन सकिरहेका छैनन् । परमात्माको सुपरपावर हाउस अर्थात् दैवी चेतना कसरी कुनै ठाउँमा राम्रो र कुनै अर्को ठाउँमा नराम्रो कसरी हुन सक्दछ । कसरी भूत प्रेत र पिसाचहरूले प्रकृतिको सुन्दर फुलबारीमा विध्वंस मचाउन सक्छन् ? ईश्वर द्रष्टा मात्र हो भने यस्ता झुण्डलाई अधम कार्य गर्ने प्रेरणा कहाँबाट प्राप्त हुन्छ ?

घातक भन्दा घातक अस्त्रशस्त्रको प्रयोग गरी आफूजस्तै मानिसहरूको जघन्य हत्या गराउने कार्यमा उनीहरु किन अगाडि सर्दछन्, र आफू पनि मृत्युको प्राप्त हुन्छन्, यो निश्चय पनि कायरतापूर्ण र मानवतालाई कलंकित पार्ने अभियान हो । एउटा धर्मको सारतत्व मान्ने नाउँमा किन अरू धर्ममा विश्वास गर्ने मानिसहरु लाई समेत निर्घात यातना दिइन्छ र चरम यातना दिएर हत्या गरिन्छ । जुन मानिसहरु निरपराध छन्, निर्दोष छन्, उनीहरूको जीवन लीला समाप्त पार्ने कार्यलाई किन धर्म भनिन्छ । यस्ता पातककर्म गर्ने गराउनेहरूले संसारको भलो कहिल्यै पनि गर्न सकेका छैनन्, र गर्न सक्दैनन् भन्ने कुरा दुनियालाई थाहा भइसकेको छ । संसारबाट मानवता हार्ने र हराउने कार्य यिनीहरूकै दुरभिसन्धि र षड्यन्त्रपूर्ण कार्यबाट भइरहेको छर्लङ्ग हुन्छ । त्यसैले धर्मको मूल प्रकृतिको अध्ययन र विमर्श नगरी प्रकृतिको रङ्गीचङ्गी सुन्दरता र मानवीय स्वभावको विविधतालाई समाप्त पार्ने प्रयास गर्नु पूर्ण रूपमा गलत छ । अहिले संसार मन्द बुद्धिका राजनीतिक प्राणीहरूको हातको कठपुतली जस्तो बनेको छ । उनीहरूसँग ज्ञानको खोजी गर्ने समय छैनन । तिनीहरूले निश्चित रूपमा कुहिरोको कागजत्तिकै हविगत भोग्नुपर्ने निश्चित नै छ । युद्धको विकल्प युद्ध हुन सक्दैन युद्धको विकल्प शान्ति हुन्छ । युद्धको विकल्प मानव धर्म हुन्छ । मानव धर्म नहुने विज्ञान फलदायी हुँदैन । कर्मको फल सबैले एक न एक दिन भोग्नुपर्दछ । आफूले गरेको असल कर्मबाट संसारको भलो हुन्छ भने समाजमा सकारात्मक उर्जालाई ग्रहण गर्न सक्दैन। त्यसैले तिनीहरूको प्रभावलाई जसरी भएपनि निस्तेज पार्नु जरूरी छ । जो जस्ता छन् तिनीहरूसँग त्यस्तै व्यवहार गर्नुपर्दछ, भनेर विचार गर्नु जरूरी छ ।

नेपालमा लोकतन्त्रको भावनाअनुसार समाजलाई अनुशासित बनाउन सकिएन भने वेद उपनिषद् र सनातन विचारधारा अनुसारको राजनीति दर्शन र राष्ट्र धर्मको संवर्धन र संरक्षण गर्नु मुस्किल पर्न सक्छ । सनातन धर्म र सनातन समाजका विचारहरु मानव धर्मका उत्कृष्ट विचारहरूको रूपमा रहेकोले यसको संरक्षण गर्नमा राज्यले आˆनो सक्रियता बढाउनु पनि जरूरी छ । पन्थ निरपेक्षतालाई धर्महिनताको रूपमा देखाउने प्रवृत्ति र विचारहरु असलमा संविधान विरोधी विचार हुन्, जसलाई सही तरिकाबाट मार्गदर्शन गरेर राज्यले असल परिपाटीको विकास गर्नु जरूरी छ ।

*(लेखकको निजी विचार )*

## दस्तावेज

# भारत र चीनलाई नेपालको ६ बुँदे कूटनीतिक नोट

**दमक**/नेपालले लिपुलेक क्षेत्रसँग सम्बन्धित विषयमा भारत र चीनलाई ६ बुँदे कूटनीतिक नोट पठाएको छ । परराष्ट्र मन्त्रालयले आइतबार दुवै देशलाई उक्त नोट पठाउँदै नेपाली भूमि प्रयोगसँग जोडिएका गतिविधिप्रति आफ्नो औपचारिक धारणा स्पष्ट पारेको हो । विशेषगरी लिपुलेक हुँदै सञ्चालन गर्ने भनिएको कैलास मानसरोवर यात्राबारे विभिन्न सञ्चारमाध्यममा उठेका चासोप्रति सरकारको ध्यानाकर्षण भएको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अनुसार सन् १८१६ को सुगौली सन्धिका आधारमा महाकाली नदीपूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र नेपालको अभिन्न भू-भाग रहेको विषयमा सरकार स्पष्ट र अडिग रहेको छ । यसअघि पनि नेपालले उक्त क्षेत्रमा सडक निर्माण, सीमा व्यापार वा तीर्थाटनजस्ता गतिविधि नगर्न भारतलाई आग्रह गर्दै आएको र उक्त विषयमा चीनलाई समेत आधिकारिक रूपमा जानकारी गराइसकिएको उल्लेख गरिएको छ ।

नेपाल सरकारले लिपुलेक हुँदै गरिने भनिएको गतिविधिप्रति आफ्नो अडान पुनः कूटनीतिक माध्यमबाट दुवै देशलाई अवगत गराउँदै सीमा विवादको समाधान ऐतिहासिक सन्धि, प्रमाण र नक्साका आधारमा वार्तामार्फत गर्न प्रतिबद्ध रहेको जनाएको छ। साथै, नेपाल-भारतबीचको मैत्रीपूर्ण सम्बन्धको मर्मअनुसार आपसी समझदारीबाट समस्या समाधान गर्न सरकार तयार रहेको पनि नोटमा उल्लेख छ ।

यसै विषयलाई लिएर आज सत्तासीन राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछानेले संसद्मा रहेका सबै राष्ट्रिय दलका नेताहरूसँग सम्पर्क गरी यो विषयमा धारणा समेटेका थिए । यस क्रममा लामिछानेले नेपाली कांग्रेसका संसदीय दलका नेता, नेकपा एमालेका संसदीय दलका नेता, नेपाली कम्युनिस्ट पार्टीका अध्यक्ष, श्रम संस्कृति पार्टीका अध्यक्ष र राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्षसँग टेलिफोन संवाद गरेका थिए ।

## सामाजिक सञ्जाल

# कोहि घरबार बिहिन हुने छैनन्'



बालेन शाह

काठमाडौं उपत्यकाका नदीकिनार तथा सरकारी स्वामित्वमा रहेका जग्गामा अवाञ्छित रूपमा अतिक्रमण भएको स्पष्ट भएका क्षेत्रहरूमा नेपाल सरकारले कानुनबमोजिम अघि बढाएको व्यवस्थापन प्रक्रियाका विषयमा विभिन्न टिप्पणी तथा व्याख्या सार्वजनिक भइरहेका प्रति सरकारको ध्यानाकर्षण भएको छ। उक्त प्रक्रियालाई लिएर भूमिहीन तथा अव्यवस्थित बसोबासमा रहन बाध्य नागरिकहरूमा उठिबास हुने हो कि भन्ने आशंका उत्पन्न गराउने तथा नियोजित रूपमा त्रास फैलाउने प्रयास भइरहेको सम्बन्धमा प्राप्त सूचनालाई सरकार गम्भीरतापूर्वक लिएको छ ।

यसै सन्दर्भमा दीर्घकालीन समाधान कार्यान्वयनमा अवरोधका रूपमा रहेका भूमिसम्बन्धी ऐन २०२१ का केही दफाहरू वर्तमान परिस्थितिलाई दृष्टिगत गर्दै अध्यादेशमार्फत खारेज गरिएको छ। उक्त कानुनी अवरोध हटेसँगै वास्तविक भूमिहीन नागरिकहरूको डिजिटल लगत संकलन, विवरण प्रमाणीकरण तथा स्पष्ट आधारमा अभिलेख तयार गर्ने कार्य प्रारम्भगरिएको छ। यस प्रक्रियाबाट भूमिहीन नागरिकहरूको वास्तविक अवस्था पहिचान गरी व्यवस्थित, पारदर्शी र दीगो समाधानतर्फ सरकार अघि बढिसकेको छ। ज्यान जोखिममा रही असुरक्षित स्थानमा बसोबास गरिरहेका नागरिकहरूका लागि सुरक्षित तथा व्यवस्थित स्थानान्तरणको व्यवस्था गरिनेछ। अन्य भूमिहीन नागरिकहरूको हकमा सम्बन्धित आयोगको सिफारिस र संकलित विवरणका आधारमा नेपाल सरकारले आवश्यक निर्णय गर्नेछ।

नेपाल सरकार स्पष्ट गर्न चाहन्छ कि चालिएका सम्पूर्ण कदमहरू नागरिकहरूलाई हटाउने उद्देश्यले होइन, आवासको हक सुनिश्चित गर्दै समस्याको स्थायी समाधान निकाल्ने उद्देश्यले अगाडि बढाइएका हुन्। त्यसैले कुनै पनि प्रकारको भ्रममा नपर्न, अनावश्यक रूपमा नआत्तिन तथा अपुष्ट सूचना नफैलाउन सम्पूर्ण नागरिकमा अनुरोध गरिन्छ। सरकार प्रत्येक भूमिहीन नागरिकको सुरक्षित, सम्मानजनक र स्थायी आवास सुनिश्चित गर्न पूर्ण रूपमा प्रतिबद्ध रहेको जानकारी गराइन्छ। कुनै पनि नागरिक घरबारविहीन हुने अवस्था सिर्जना हुन दिइने छैन।

# कोशीमा १७ दिनको विशेष ट्राफिक अभियान

*__इटहरी/__ नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालयले वैशाख १ देखि १७ गतेसम्म सञ्चालन गरेको विशेष ट्राफिक अभियानपछि कोशी प्रदेशमा सडक अनुशासनमा सुधार आएको दाबी गरेको छ । अभियानका क्रममा ट्राफिक नियम उल्लङ्घन गर्ने ५ हजार ९०१ सवारी साधनमाथि कारबाही गरिएको कार्यालयले जनाएको छ ।*

*कार्यालयका अनुसार मादक पदार्थ सेवन गरेर सवारी चलाउने ६०२ चालक कारबाहीमा परेका छन्, जसबाट ३ लाख १७ हजार रूपैयाँ जरिवाना असुल गरिएको छ। झापा, ओखलढुङ्गा र खोटाङमा गरिएको लागू पदार्थ परीक्षणमा ९५ चालक जाँच गर्दा ५ जना पोजिटिभ भेटिएका छन् ।*



*ओभरलोड नियन्त्रण अभियानअन्तर्गत १७० सवारी साधनबाट ३ लाख ४० हजार रूपैयाँ जरिवाना गरिएको छ भने ११ सवारी साधनलाई थप कारबाहीका लागि यातायात व्यवस्था कार्यालय पठाइएको छ। ध्वनि प्रदूषण नियन्त्रणका लागि २१ मोटरसाइकलको साइलेंसर परिवर्तन गराइएको र १ हजार १२८ प्रेसर हर्न हटाइएको छ ।*

*यस्तै, ९७५ अटो, ट्याम्पो र सिटी सफारी जाँच गर्दा ३७४ सवारी साधनलाई मर्मत-सुधार गर्न निर्देशन दिइएको छ। यात्रुवाहक सवारीमा बढी भाडा असुल्ने तथा नियम उल्लङ्घन गर्ने १४ सवारी साधनलाई पनि कारबाही गरिएको छ ।*

*अभियानसँगै ट्राफिक प्रहरीले सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै साइकल, दुईपाङ्ग्रे, ट्र्याक्टर, टिपर, स्कुल बस तथा ई-रिक्सा चालकलाई सुरक्षित सवारी सञ्चालनबारे प्रशिक्षण दिएको जनाएको छ । कार्यालय प्रमुख दीपक गिरि ले दुर्घटना न्यूनीकरणका लागि चालकलाई जिम्मेवार र अनुशासित बन्न आग्रह गरेका छन् ।*

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा बजारमा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

पानासोनिक इलेक्ट्रोनिक्स वर्ल्ड, दमक-८, झापा
विगत दुई दशक अगाडीदेखि तपाईहरुको सेवामा
समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।
नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

## जानकारी



# गोलभेँडा छ यति धेरै गुणकारी

गोलभेँडा हरेक घरको भान्सामा पाइने तरकारी हो । धेरैलाई काँचो गोलभेँडा मन पर्दैन । सामाजिक सञ्जालका इन्फ्लुएन्सरहरूले यसलाई सुपरफूड भन्छन् । तर दैनिक रूपमा काँचो गोलभेँडा खाँदा शरीरलाई धेरै फाइदाहरू प्राप्त हुन्छ । के यो कुरा तपाईंलाई थाहा छ ? एउटा मात्र काँचो गोलभेँडाले तपाईंले कल्पना नगरेका फाइदाहरू प्रदान गर्न सक्छ ।

**रोग प्रतिरोधात्मक क्षमता बढाउँछ :**
काँचो गोलभेडा खाँदा शरीरको प्रतिरक्षा प्रणाली बलियो हुन्छ । गोलभेँडामा प्रशस्त मात्रामा भिटामिन सी पाइन्छ । यसले मौसमी रोगहरूबाट बच्न मद्दत गर्दछ ।

**मुटुको स्वास्थ्यको लागि राम्रो:**
गोलभेँडा खाँदा शरीरलाई पोटासियम, फाइबर र भिटामिन सी राम्रो मात्रामा प्राप्त हुन्छ । यसमा एन्टिअक्सिडेन्टहरू हुन्छ जसले रक्तचाप कम गर्न र मुटुको स्वास्थ्य कायम राख्न मद्दत गर्दछ ।

**छाला चम्किलो बनाउँछ:** गोलभेँडामा भिटामिन सी, लाइकोपीन र बीटा(क्यारोटिन हुन्छ, जसले छालालाई एन्टि एजिङ गुणहरू प्रदान गर्दछ । यसले छालालाई चम्किलो बनाउँछ र क्षति हुनबाट रोक्छ ।

**हाइड्रेसन :** गोलभेँडामा पानीको मात्रा धेरै हुन्छ । यसले शरीरलाई हाइड्रेट गर्छ । निर्जलीकरण भएका व्यक्तिहरूले विशेष गरी गोलभेडा खानुपर्छ ।

**पाचन सुधार:** बारम्बार कब्जियत वा पेट फुल्ने समस्याबाट पीडित हुनुहुन्छ भने, तपाईंले निश्चित रूपमा गोलभेडा खानुपर्छ । काँचो गोलभेँडाले राम्रो पाचनलाई बढावा दिन्छ ।

**आँखाको लागि राम्रो:**
गोलभेँडाको टुक्रा खानु आँखाको लागि पनि धेरै फाइदाजनक छ । यसले आँखालाई भिटामिन ए, लुटिन र जियाक्सान्थिन प्रदान गर्दछ, जसले रातको अन्धोपन जस्ता समस्याहरूबाट बच्न मद्दत गर्दछ ।

# श्रमदानबाट काठेपुल



**फिदिम/** पाँचथर जिल्लाको फालेलुङ गाउँपालिका-७ स्थित धुवाखोलामा श्रमदान मार्फत काठेपुल निर्माण गरिएको छ । स्थानीयको अगुवाईमा विद्यार्थीलाई विद्यालय आउजाउमा सहजता प्रदान गर्ने उद्देश्यले सो पुल निर्माण गरिएको हो ।

पुल निर्माण कार्यमा कुल ९० जना जनशक्तिको सहभागिता रहेको बताइएको छ । पुल निर्माणका लागि काठ, टिन लगायतका सामग्रीको व्यवस्थापन गरी करिब ९० हजार रूपैयाँ खर्च भएको स्थानीयले बताएका छन् । स्थानीय रामु त्रिखत्रीका अनुसार स्थानीय स्तरमै उपलब्ध स्रोत-साधन परिचालन गरी निर्माण गरिएको यस काठेपुलले विशेष गरी विद्यार्थीलाई विद्यालय जान र फर्कन ठुलो राहत मिल्नेछ । पुलमा फलामको छानो समेत राखिएको छ, जसले वर्षायाममा आउजाउलाई सुरक्षित बनाउने अपेक्षा गरिएको छ ।

# पानीका श्रोत जोगाउन गाउँपालिकाको लगानी



**ईलाम/** ईलामको फाकफोकथुम गाउँपालिकाले पानीका श्रोत संरक्षणका लागि लगानी बढाएको छ । पालिका भित्र पानीका तीन ठूल-ठूला मुहान् छन् । वडा नं १ पञ्चमीस्थित पाण्डव धारा, पचेवा मुहान र वडा नं ५ लुम्देमा रहेको जलकन्या यहाँका प्रमुख पानीका स्रोत हुन् ।

मुख्य तीन मुहानसहित बागमती सिमसार, ढापसीम पोखरी, लुम्देपोखरी, उत्तरेपोखरी, दारीपाले पोखरीलगायत सिमसार क्षेत्र संरक्षण गर्न गाउँपालिकाले एक करोडभन्दा बढी बजेट खर्चेको छ । सिमसार संरक्षणमा कोशी प्रदेश सरकार र स्थानीयको लगानी छ । पालिकाले चार वर्षअघि रू १० लाख लगानी गरेर वडा नं ६ हाङवाचुलीमा ढापसीम पोखरी संरक्षण सुरू गरेको हो । यसका लागि कोशी प्रदेश सरकारले रू १५ लाख विनियोजन गरेको थियो । पोखरी विस्तार हुने क्षेत्रको २७ रोपनी जग्गा स्थानीयले निःशुल्क प्रदान गरेका छन् । अहिले पोखरीमा बाँध निर्माण गरिएको छ । पोखरी वरिपरिको सडक र विश्रामस्थल निर्माण भइसकेका छन् । पोखरी विस्तार गरी डुङ्गा सञ्चालन गर्ने र आन्तरिक पर्यटकलाई थप आकर्षित गर्न बगैँचा निर्माण, सुरक्षाका लागि रेलिङ निर्माण लगायतका काम गर्ने सोच रहेको स्थानीय भीम श्रेष्ठले बताए ।

वडा नम्बर ५ को लुम्देमा पोखरी बनाउन ३३ रोपनी जग्गा खरिद गरिएको छ । दुई वर्षअघि पोखरीसम्म बाटो बनाउन गाउँपालिकाले रू ३० लाख खर्च गरेको थियो । हाल पोखरीको मुहान संरक्षण गर्ने कार्य सकिएको छ । बाँकी काम गर्न प्रदेश सरकारसँग बजेट माग गरिएको गाउँपालिकाका अध्यक्ष दीपेन्द्र खनालले बताएका छन् । तेत्तीस रोपनी जग्गा वडाको नाममा किनेको र सरकारी तथा किनेको गरेर ४५ रोपनी बढी क्षेत्रफलमा पोखरी रहेको उनले जनाए ।

इलाममा पानीका स्रोत सुक्दैछन् । अहिले संरक्षण नगरे भविष्यमा सुक्खा क्षेत्र हुने जोखिम भएकाले लगानी बढाइएको अध्यक्ष खनालको भनाइ छ । वडा नं ६ स्थित बागमती सिमसार र ढापसीम पोखरी संरक्षण भइरहेको छ । फाकफोकथुम-१ र पाँचथर जिल्लाको फाल्गुनन्द गाउँपालीकाको सीमा क्षेत्रमा उत्तरे पोखरी छ । उक्त पोखरीको संरक्षण फाकफोकथुमले कम फाल्गुनन्दले बढी गरिरहेको छ । तर, पोखरी दुवै पालिकाको सीमामा पर्छ । फाकफोकथुमले दारीपाले पोखरीको संरक्षण पनि सुरू गरेको छ ।

# पर्यटकीय चलहपहलसँगै आम्दानी बढ्दो



**ताप्लेजुङ/** ताप्लेजुङ्का हिमाली क्षेत्रमा पर्यटकीय चहल पहल बढ्दा स्थानीयको आम्दानी पनि बढेको छ । पछिल्लो समयमा गुराँस फुल्ने क्षेत्र नजिकै खाजा घर, होमस्टे (घरबास), चिया पसल सञ्चालन हुन थालेपछि स्थानीयको आयआर्जन वृद्धि हुन थालेको स्थानीयको भनाई छ । घरबास सेवा शुरू गरेका देवराज गुरूङ्का अनुसार गुराँस फुल्ने सिजन भएकाले पनि यस वेला हिमाली क्षेत्रमा पर्यटकहरूको संख्या बढेको छ । पछिल्लो समय गुराँसका बोट हुर्काउँदै सोहीमार्फत आन्तरिक पर्यटन प्रवर्द्धनमा जोड दिँदै आएको उनले जनाए ।

जैविक विविधता क्षेत्रमा लामो समयदेखि ताप्लेजुङमा काम गर्दै आउनुभएका हिमाली संरक्षण मञ्चका कार्यक्रम संयोजक रमेश राईले पाथीभरा क्षेत्रमा २२ प्रजातिका गुराँस पाइने जानकारी दिएका छन् । चैत-वैशाखमा पाथीभरा मन्दिर जाने पदमार्ग क्षेत्र गुराँसले राताम्य देखिन्छ । यसको संरक्षण र विस्तार गर्दै पर्यटन प्रवर्द्धनमार्फत स्थानीयको आयआर्जनमा सुधार गर्दै लगेको उनको भनाई छ । गराँस फुल्ने समयमा पाथीभराको दर्शन गर्दै गुराँस हेर्न आउने तीर्थयात्री तथा पर्यटकको चाप बढ्ने उनको अनुभव छ । पाथीभरा क्षेत्रमा सञ्चालन रहेको होटेल व्यवसायीले गुराँस फुल्ने समयमा मनग्य आम्दानी लिँदै आएका पाथीभरा क्षेत्र होटल व्यवसायी संघका अध्यक्ष इन्द्रनारायण श्रेष्ठले बताए । ताप्लेजुङ, तेह्रथुम र सुत्वासभा जिल्लाको सङ्गमस्थल गुराँसको राजधानीका रूपमा रहेको तीनजुरे जलजले मिल्के क्षेत्रमा ३२-३३ प्रजातिको गुराँस पाइने उनले जानकारी दिएका छन् ।

# विशालकुमारको कविता प्रथम

***ईटहरी/*** *सुनसरीको तरहरामा आयोजित दोस्रो राष्ट्रव्यापी कविता प्रतियोगितामा विराटनगरका कवि विशालकुमार साह प्रथम भएका छन् । 'मौनको एल्गोरिदम' शीर्षकको कविता वाचन गर्दै उनले नगद ५१ हजार ५४७ रूपैयाँसहित प्रमाणपत्र प्राप्त गरे ।*

*श्री जनसहयोग माध्यमिक विद्यालय, इटहरी-२० तरहराको २०५० सालको एसएलसी समूहद्वारा आयोजित प्रतियोगितामा देशभरबाट प्राप्त ५४७ कवितामध्ये उत्कृष्ट १० रचनालाई अन्तिम चरणका लागि छनोट गरिएको थियो । प्रतियोगितामा मकवानपुरका सुवास सजल 'चिडियाखाना' शीर्षकको कवितासहित द्वितीय भए । उनले ४१ हजार ५५५ रूपैयाँ पुरस्कार प्राप्त गरे । त्यस्तै इलामका ऋजन मायालु 'म बारूद भएको छु' कवितासहित तृतीय हुँदै ३१ हजार ५५५ रूपैयाँ नगद जित्न सफल भए । प्रतियोगिताका संयोजकका अनुसार कार्यक्रम स्वर्गीय नारायणप्रसाद पौडेलको स्मृतिमा गत वर्षदेखि सञ्चालन हुँदै आएको हो । कार्यक्रममा वरिष्ठ कवि मनप्रसाद सुब्बाको प्रमुख आतिथ्यता रहेको थियो । सोही अवसरमा महेशबाबु तिम्सिनाद्वारा लिखित कवितासंग्रह 'अक्षरहरूको क्यानभास' को विमोचनसमेत गरिएको थियो ।*

## पुस्तक-साभार

### सुवर्ण शमशेर

निष्ठाको राजनीतिक यात्रा - अध्याय ४

# क्रान्तिको पूर्वाभ्यास

✍ कृष्ण धारावासी

क्रमागतः
**सुवर्ण शमशेरः निधाको राज**

गणेशमानजी । हाम्री लक्ष्य नेपालमा क्रान्ति हो, सभापति पद होइन । पार्टीको निर्माण ठूलो र अहम् विषय हो। हामीले पदको निमित लक्ष्यलाई बिर्सनु हुँदैन । यसप्रकार आफ्नो तीनवटा उद्देश्य पूरा गरेर सम्मेलन सम्पन्न भयो । सम्मेलनको प्रवास र स्वदेश दुवैतर्फका परिवर्तनकामी जनतामा ठूलो उत्सुकता र उत्साह पैदा गराएको थियो ।

सम्मेलनको मुख्य काम थियो (१) नयी पार्टीको नाउँ तोक्ने, (२) भाण्डा रोज्ने र (३) पार्टी अध्यक्ष छान्ने। निर्णय भयो- पार्टीको नाउँ नेपाली काग्रेस रहने, यसको भाण्डा तलमाथि रातो, बीचमा सेतो र सेतो भागमा चारवटा रातो तारा रहने, अनि पाटीको नयीं सभापति मातृकाप्रसाद कोइराला हुने ।

सम्मेलनले नेपाली कांग्रेसको घोषणापत्र पनि पारित गयो । विश्वेश्वरप्रसाद कोइरालाले लेख्नुभएको उक्त घोषणापत्रमा पहिलोपल्ट नेपालको राजनीतिक परिस्थितिको विशद् रुपमा विश्लेषण गरिएको थियो र निष्कर्षमा प्रतिक्रियावादी राणाशासनको अन्त्य नभएसम्म नयाँ नेपालको निर्माणको सपना साकार हुनसक्तैन, त्यसैले नेपाली कांग्रेसको झण्डामुनि सबै नेपाली एक होऔं भन्ने आह्वान गरिएको थियो। एक व्यापक जनआन्दोलनद्वारा राणाशासन समाप्त पारेर आधुनिक युगसुहाउँदो प्रजातान्त्रिक व्यवस्थाको सूत्रपात गर्ने संकल्प नेपाली कांग्रेसको घोषणापत्रमा व्यक्त गरिएको थियो । घोषणापत्रमा नेपालका राजालाई बन्दीतुल्य जीवनबाट मुक्त तुल्याई राजाकै वैधानिक नायकत्वमा जनताद्वारा निर्वाचित प्रतिनिधिहरूका हातमा शासनको बागडोर सुम्पने प्रतिबद्धता व्यक्त गरिएको थियो ।

घोषणापत्रमा नेपालको पूर्ण स्वतन्त्रता र सार्वभौमसत्ताको रक्षा नेपाली कांग्रेसले गर्ने कटिबद्धताका साथै प्रजातन्त्रोत्तर नेपालले स्वतन्त्र परराष्ट्र नीति अपनाउने कटिबद्धता प्रकट गरिएको थियो ।

मातृकाप्रसाद कोइराला नेपाली कांग्रेसको सभापति घोषित भएपछि उहाँले कार्यसमितिको सूची पेश गर्नुभयो । कार्यसमितिको महासचिव पदमा महेन्द्रविक्रम शाह र सदस्यहरूमा विश्वेश्वरप्रसाद कोइराला, बालचन्द्र शर्मा, रामेश्वरप्रसाद सिंह, सुवर्णशमशेर राणा, महावीरशमशेर, सूर्यप्रसाद उपाध्याय, सी.बी. सिंह तथा कृष्णबहादुर प्रधान अर्थात् म आफैं पनि सम्मिलित गरिएको थिएँ । पार्टीको नयाँ कार्यक्रम र कार्यविभाजन कार्यसमितिको बैठकले आवश्यकताअनुसार पछि गर्ने र त्यसको जानकारी कार्यकर्ताहरूलाई दिँदैजाने समझदारी पनि सम्मेलनमा कायम भएको थियो । क्रमशः

## मनोरञ्जन

# नेपथ्य सांगीतिक धमका अब न्युजिल्याण्डमा

**दमक/** लोकरक ब्यान्ड नेपथ्यले न्युजिल्यान्डमा साङ्गीतिक प्रस्तुति दिने भएको छ । पृथ्वीको उत्तरी गोलार्ध (आर्कटिक महासागर) जोडिएको क्यानाडामा प्रस्तुति दिएर फर्किएको दुई साता नबित्दै नेपथ्य दक्षिणी गोलार्ध (एन्टार्टिक महासागर) छेउमा जान लागेको हो । टोली यसै सोमबार त्यसतर्फ प्रस्थान गर्दै छ । सार्वजनिक महत्त्वको कार्यक्रम लिएर जाने जो कसैले पनि अमेरिका पुगेको बेला क्यानाडा र अस्ट्रेलिया पुगेको बेला न्युजिल्यान्डको भ्रमण गर्ने परम्परा छ । यसको कारण हो, त्यहाँ बसोबास गर्ने अल्पसत्त्यक नेपालीको उपस्थिति । नेपथ्यले भने जे जस्तो सत्त्यामा भए पनि यी दुवै मुलुकका दर्शकको उच्च सम्मान गर्दै ती मुलुकमा मात्र केन्द्रित भएर साङ्गीतिक यात्राको थालनी गरेको हो ।

ब्यान्डले यसपटक प्रस्तुतिका लागि न्युजिल्यान्डको उत्तरवर्ती टापुमा रहेको व्यस्त सहर अकल्यान्ड छनोट गरेको छ । त्यहाँस्थित 'ड्यु ड्रप इभेन्ट सेन्टर' मा मे १०, आइतबार साँझ नेपाली लोकरक घन्किनेछ ।

नेपथ्यले यसअघि पनि सन् २०१७ मा अकल्यान्डमै प्रस्तुति दिएको थियो । त्यति बेला नेपथ्य 'स्काई सिटी थिएटर' मा प्रस्तुत भएको थियो । त्यो वर्ष नेपथ्यको प्रस्तुतिसँगै उक्त मुलुकमा नेपाली कलाकर्मीको आवतजावतको ढोका खुलेको जानकारी तत्कालीन आयोजक टोलीका राज महर्जनले दिएका थिए । नौ वर्षको अन्तरालमा ब्यान्डको यो दोस्रो न्युजिल्यान्ड भ्रमण हो ।

स्थानीय आयोजक टोलीका रोजन भट्टराईका अनुसार अकल्यान्डको शोका निम्ति उल्लेख्य मात्रामा दर्शक सहभागिता जुट्न सुरू भइसकेको छ । 'टिकट बुकिङ तीव्र गतिमा भइरहेको छ,' उनले भने, 'कार्यक्रमको मिति नजिकिँदै गर्दा शोप्रति चासो राख्नेहरु जतातत्तै देखिन थालिसकेका छन् ।'

आदिवासी माउरी समुदायको परम्परागत 'हाका शैली' मै भव्य रूपले नेपथ्यलाई न्युजिल्यान्डमा स्वागत गर्न आफूहरु तत्पर रहेको भट्टराईले बताए । पछिल्लो समय विशेषतः अध्ययनका निम्ति यो मुलुक नेपालीको आकर्षक गन्तव्य बन्दै आएको छ । स्थायी बसोबास गर्नेको सत्त्या पनि यहाँ दिनप्रतिदिन बढ्दो छ । तीन वर्ष पहिलेको जनगणनाले यहाँ झन्डै सात हजार नेपालीको स्थायी बसोबास देखाएको थियो ।

'न्युजिल्यान्ड भन्नेबित्तिकै हाम्रो मुलुकलाई अत्यन्त माया गर्ने प्रथम सगरमाथा आरोही सर एडमन्ड हिलारीको श्रद्धापूर्वक सम्झना हुन्छ,' नेपथ्यका मुख्य गायक एवं अगुवा अमृत गुरूङ भन्छन्, 'मेरो आफ्नै बाल्यकालको गण्डकी बोर्डिङ स्कुलका हेड सर ब्रायन उडलाई पनि सम्झन पुग्छु ।' अमृत उक्त स्कुलमा अध्ययनरत रहेकै बेला अन्नपूर्ण भेगको पदयात्रामा गएका बेला उडको हिमालकै काखमा निधन भएको थियो ।

बाचुन्जेल खुम्बु क्षेत्रको विकासमा समर्पित हिलारी, नेपालको शिक्षामा योगदान गर्ने आफ्ना गुरू ब्रायन उड र झन्डै सात दशकअघि न्युजिल्यान्डको अध्ययन भ्रमण गरेर जनस्तरमा दुई मुलुकलाई जोड्ने संस्कृतिविद् सत्यमोहन जोशीजस्ता व्यक्तिहरूको प्रेरणा नै न्युजिल्यान्डप्रति आफ्नो श्रद्धाको मूल आधार रहेको अमृत उल्लेख गर्छन् ।

## दैनिक राशिफल

आज मिति
२०८३ साल
वैशाख २२ गते
मंगलबार
05 May 2026
तिथि: चतुर्थी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लँ ले लो अ | धन लाभ । मनमा अशान्ति । भाईबहिनीसँग विवाद । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | पुरुषार्थद्वारा आयमा वृद्धि । मनमा अशान्ति । |
| मिथुन | का कि कु घ ङ छ के को हा | धर्म, कर्ममा खर्च । परिवारको सहयोगले धनलाभ । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | लेनदेनबाट लाभ । बोलीले मान्यसँग विवाद । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | बोलीले शत्रु बढ्ने । कार्यमा सफल । धन लाभ । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | कर्मचारी र मित्रसँग विवाद । पराक्रम बढ्ने, आयमा वृद्धि । |
| तुला | रा री रु रे रो ता ती तु ते | मान्यजनबाट दुःख, विवाद बढ्ने । अकस्मात धन लाभ । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | उत्तम भोजन, धन लाभ । भाईबहिनीसँग विवाद । |
| धनु | य यो भा भी भ धा फा ढ भे | पराक्रमले धनलाभ । सन्तान र वाहनमा केही समस्या । |
| मकर | भो जा जी खि खू खे खो गा गी | व्यवसायबाट लाभ । पिताजीमा कष्ट । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | मनमा अशान्ति, प्रेमिकासँग विवाद । रोजगारीबाट धन लाभ । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | असल कार्यबाट धन लाभ । आफन्तसँग विवाद । |

# कमलमा सुकुम्बासीको प्रदर्शन

**दमक/** काठमाडौंका सुकुम्बासीका र अव्यवस्थित बसोबासीलाई हटाएपछि देशैभरका मुख्य सहरमा सरकारविरूद्ध विरोध प्रदर्शन भएका छन । काठमाडौंपछि देशका प्रमुख शहरका यस्तै बस्ती हटाउने तयारीपछि सुकुम्बासीहरु प्रदर्शनमा उत्रिएका हुन् ।

सोही क्रममा भुमि अधिकार तथा श्रमिक संगठनको आयोजनामा झापाको कमल गाउँपालिकामा रहेका भूमिहीन तथा सुकुमबासीहरूले सोमबार विरोध ¥याली प्रदर्शन सहित गाउँपालिकामा ज्ञापन पत्र बुझाएका छन् ।

कमल गाउँपालिकाको विभिन्न स्थानबाट सहभागी भएका भूमिहीन, सुकुमबासी तथा श्रमिकहरूले आफ्नो बसोबासको अधिकार सुनिश्चित गर्नुपर्ने, वैकल्पिक व्यवस्थाबिना बस्ती हटाउन नहुने र भूमिहीन नागरिकलाई राज्यले सम्मानजनक जीवनको ग्यारेन्टी गर्नुपर्ने माग राखेका थिए । गाउँपालिकाका कार्यालयमा पुगेर उपाध्यक्ष प्रमिला न्यौपाने तिवारीलाई ज्ञापन पत्र बुझाएको संगठनका अध्यक्ष दिपक गौतमले जनाएका छन् ।

कार्यक्रमका वक्ताहरूले सरकारले भूमिसम्बन्धी समस्या समाधान आयोगमार्फत वास्तविक सुकुमबासीको पहिचान गरी व्यवस्थित बसोबासको व्यवस्था गर्नुपर्ने माग पनि गरेका छन् । उनीहरूले गरीब तथा विपन्न समुदायमाथि बल प्रयोग गरेर समस्या समाधान नहुने भन्दै सरकारलाई सुकुमबासीहरू प्रति मानवोचित व्यभार गर्न आग्रह गरेका थिए ।

# अधिकांश छोटी भन्सार बन्द

**गौरीगञ्ज/** झापाका अधिकांश छोटी भन्सार बन्द रहेका छन् । मेची भन्सार कार्यालय मातहतका छ वटा छोटी भन्सार कार्यालयमध्ये एउटा गौरीगञ्ज मात्र सञ्चालनमा छ । राजस्व असुली र सीमापार व्यापारको सहजीकरणका लागि सरकारले सीमावर्ती नाकाहरूमा स्थापना गरेको अरू पाँच वटा छोटी भन्सार बन्द अवस्थामा छ ।

मेची भन्सार कार्यालयअन्तर्गत गौरीगन्ज-२ मा आठमौजा छोटी भन्सार, मेचीनगर-२ मा गाडागल्ली छोटी भन्सार, मेचीनगर-४ मा बाहुनडाँगी छोटी भन्सार, मेचीनगर-५ मा नकलबन्दा छोटी भन्सार, मेचीनगर-७ मा सतिघट्टा छोटी भन्सार र गौरीगन्ज-१ मा महाभारा छोटी भन्सार स्थापना भएका थिए । हाल गौरीगन्ज-२ स्थित आठमौजाबाहेक अरू छोटी भन्सार कार्यालय बन्द रहेको मेची भन्सार कार्यालय काँकडभिट्टाका सूचना अधिकारी ईश्वरकुमार हुमागाईंले बताए ।

मेचीनगर-४ मा रहेको बाहुनडाँगी छोटी भन्सार नाका भने झण्डै एक शताव्दी पुरानो नाका रहेकाले यसलाई सञ्चालनमा ल्याउन जनप्रतिनिधीहरुको माग छ । यसका लागि आवश्यक सहयोगका लागि तयार रहेको उनीहरुको भनाई छ । वडाध्यक्ष अर्जुनकुमार कार्कीका अनुसार बाहुनडाँगी १९९० साल देखि चल्दै आएको नेपालकै पुरानोमध्येको सीमाबजार हो । ऐतिहासिक पृष्ठभूमि बोकेको यो भन्सारलाई बन्द गरिँदा दुःख लागेको कार्कीको भनाई छ ।

राणाकाल र पञ्चायतकालमा समेत सीमानाकाका रूपमा बाहुनडाँगीलाई मान्यता दिइएको भन्दै कार्कीले इलाम र झापाका मानिसहरू भारतको नक्सलबारी र कोलकातासम्म आवतजावत गर्न यो नाका प्रयोग हुने भएकाले पुनर्स्थापना गर्नु पर्ने बताए । कार्कीका अनुसार छोटी भन्सारको आफ्नै १३ धुर जग्गामा पुरानो भवन समेत रहेको छ । हाल भवनको रेखदेख र रङरोगन वडा कार्यालयले गरिरहेको जनाएको छ ।

# भद्रपुरमा बढ्यो चहल पहल

**भद्रपुर/** वर्षैभरि प्रायः सुनसान रहने देशकै पुरानो सहर भद्रपुर बजारमा अचेल चहलपहल बढ्न थालेको छ । नेपाल सरकारले सीमावर्ती भन्सार नाकामा कडाइ गरेसँगै स्थानीय बजारमा व्यापारिक सम्भावना देखिन थालेपछि यहाँका नेपाली व्यवसायीहरू खुसी भएका छन् ।

लामो समयदेखि भारतीय बजारमा निर्भर रहेका उपभोक्ता र व्यापारीहरू क्रमशः स्वदेशी बजारतर्फ फर्किन थालेपछि भद्रपुरको व्यापारमा सकारात्मक संकेत देखिएको छ ।

भारततर्फबाट नेपाल ल्याउँदा रू एक सयभन्दा बढीका सामानमा भन्सार लाग्ने भएपछि नेपालतर्फबाट बजार चलायमान हुन थालेको स्थानीयहरू बताउँछन् । झापाको भद्रपुर आसपासका स्थानीयका लागि भारतको विहारमा पर्ने गलगलिया बजार प्रमुख किनमेल केन्द्रका रूपमा स्थापित थियो । तर पछिल्लो समय भन्सार नाकामा कडाइ गरिएपछि त्यसको प्रत्यक्ष प्रभाव सीमावर्ती बजारको व्यापारिक गतिविधिमा परेको देखिन्छ ।

भद्रपुर–६ व्यवसायी रवि गुप्ताका अनुसार केही समयअघि सम्म व्यापार अत्यन्तै सुस्त अवस्थामा पुगेको थियो । तर हालको व्यापार विगतको तुलनामा ३० देखि ४० प्रतिशतले वृद्धि भएको उनले जनाए । भद्रपुर भन्सार कार्यालयको तथ्याङ्क अनुसार चालु आर्थिक वर्ष २०८२/८३ को वैशाख १९ गतेसम्ममा रू १३ करोड ४३ लाख ७९ हजार राजस्व संकलन भएको छ। उक्त नाकाबाट कपडा, हार्डवेयर, खाद्यान्न, विद्युतीय सामग्री लगायत वस्तु आयात हुने गरेको छ ।

***दमक ............*** महत्वपूर्ण योगदान पुर्याउने उल्लेख गरे। "स्वास्थ्य नै धन हो" भन्ने अवधारणालाई आत्मसात गर्दै नगरपालिकाले खोप सेवामा विशेष प्राथमिकता दिएको उनको भनाइ थियो । नगरपालिकाले पूर्ण खोप सुनिश्चित गर्न विभिन्न चरणमा योजनाबद्ध रूपमा कार्यक्रम सञ्चालन गरेको थियो । प्रत्येक घरधुरीमा पुगेर तथ्यांक संकलन गर्ने, खोप छुट भएका बालबालिकाको पहिचान गर्ने, उनीहरूलाई खोप सेवा उपलब्ध गराउने तथा खोपको महत्वबारे व्यापक जनचेतना फैलाउने कार्य गरिएको थियो । स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयंसेविकाहरूको सक्रिय सहभागितामा घरघरमा पुगेर तथ्यांक प्रमाणीकरण (भेरिफिकेसन) समेत गरिएको थियो । साथै जिल्लाबाट अनुगमन भई पास भएपछि सोमबार सो घोषणा कार्यक्रम आयोजना गरिएको थियो ।

उपलब्ध विवरणअनुसार दमक नगरपालिकाका २७ हजार ५६९ घरधुरीबाट तथ्यांक संकलन गरिएको थियो । १५ महिनामुनिका सबै बालबालिकाले आवश्यक खोप प्राप्त गरेका छन् भने १६ देखि ६० महिनासम्मका खोप छुटेका २४ जना बालबालिकालाई पनि खोप सेवा दिई पूर्ण खोप सुनिश्चित गरिएको छ । यससँगै नगरपालिकामा शतप्रतिशत बालबालिका पूर्ण खोपयुक्त भएको पुष्टि भएको हो ।

कार्यक्रममा स्वास्थ्य शाखा प्रमुख ब्रजेश मेहताले स्वागत मन्तव्य राख्दै पूर्ण खोप अभियान सफल बनाउन स्वास्थ्यकर्मी, स्वयंसेविका, अभिभावक तथा विभिन्न संघसंस्थाहरूको भूमिका प्रशंसनीय रहेको बताए । उपप्रमुख रेगिना भट्टराई प्रसाई, स्वयंसेविकाको तर्फबाट भिमा भट्टराई र टिका बराल सुवेदीले पनि अभियानको अनुभव र महत्वबारे आ´ना धारणा राखेका थिए ।

सो अवसरमा खोप अभियानमा निरन्तर योगदान पुर्याएका स्वास्थ्य स्वयंसेविका मिना बराल र शोभा भण्डारीलाई नगदसहित दोसल्ला ओढाएर सम्मान गरिएको थियो । वडा नं. ९ का वडाअध्यक्ष कुवेर भट्टराई, वडा नं. १ का वडाअध्यक्ष हरिप्रसाद न्यौपाने, स्वास्थ्य शाखा प्रमुख ब्रजेश मेहेता, वरिष्ठ प्रशासकीय अधिकृत यज्ञराज निरौला, सामाजिक विकास शाखा प्रमुख केशवप्रसाद प्रसाई, कार्यपालिका सदस्यहरू, जनप्रतिनिधिलगायत सबै वडाका स्वास्थ्यकर्मीहरूको उपस्थिति रहेको थियो । कार्यक्रम स्वास्थ्य शाखाका अग्निप्रसाद चौलागाईले सञ्चालन गरेका थिए । कार्यक्रमका अन्त्यमा नगरपालिकाले आगामी दिनमा पनि पूर्ण खोपको अवस्था कायम राख्न र यसको दिगोपन सुनिश्चित गर्न निरन्तर स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । साथै कुनै पनि बालबालिका खोप सेवाबाट वञ्चित हुन नदिने प्रतिवद्धता समेत व्यक्त गर्दै सबैले हस्ताक्षर समेत गरेका छन् ।

# फिलिपिन्समा शक्तिशाली भुकम्प

**एजेन्सी/** फिलिपिन्सको मध्य भागमा पर्ने समर टापु सोमबार शक्तिशाली भूकम्प गएपछि स्थानीयमा त्रास फैलिएको छ । अमेरिकी भूगर्भीय सर्वेक्षण (युएसजीएस)का अनुसार भूकम्पको तीव्रता ६.० म्याग्निच्युड मापन गरिएको छ । भूकम्प समर प्रान्तअन्तर्गत पर्ने तटीय सहर सान जुलियनबाट करिब नौ किलोमिटर दूरीमा केन्द्रित रहेको जनाइएको छ । युएसजीएसको विवरणअनुसार भूकम्पको गहिराइ करिब ७३.३ किलोमिटर रहेको थियो । भूकम्पको धक्का महसुस भएपछि स्थानीय बासिन्दाहरू घर र भवनबाट बाहिर निस्किएर सुरक्षित स्थानमा पुगेका थिए ।

केही समयसम्म क्षेत्रभरि डर र अफरातफरीको अवस्था देखिएको स्थानीय सञ्चारमाध्यमहरूले जनाएका छन् । तर, भूकम्पको केन्द्र गहिराइमा रहेको कारण ठूलो क्षति वा विनाश हुनबाट जोगिएको प्रारम्भिक अनुमान गरिएको छ ।

हालसम्म मानवीय क्षति वा ठूलो संरचनागत नोक्सानीको विवरण प्राप्त भएको छैन । फिलिपिन्स प्रशान्त 'रिङ अफ फायर' क्षेत्रमा पर्ने भएकाले बारम्बार भूकम्प जाने गर्दछ । यसअघि पनि विभिन्न समयमा शक्तिशाली भूकम्पका कारण जनजीवन प्रभावित हुँदै आएको छ । स्थानीय प्रशासनले सम्भावित पराकम्पनप्रति सतर्क रहन आग्रह गरेको छ । उद्धार तथा आपतकालीन निकायहरूलाई तयारी अवस्थामा राखिएको छ ।

## १६ बुँदे घोषणापत्र......



......निष्कर्ष प्रस्तुत गरिएको छ।

समापन समारोहका प्रमुख अतिथि राजेन्द्र कुमार पौडेल मार्फत घोषणापत्र सरकारलाई बुझाइएको हो। उनले निजी क्षेत्रको सक्रियताबिना आर्थिक विकास सम्भव नहुने बताउँदै एजेन्डासहित अघि आए सरकार सहकार्यका लागि तयार रहेको धारणा व्यक्त गरे। सम्मेलनमा हिक्मत कुमार कार्की ले महिलालाई उद्यमशीलतामा आकर्षित गर्न सहुलियत ऋण, व्याज अनुदान र वित्तीय पहुँच विस्तारका कार्यक्रम सञ्चालन भइरहेको जानकारी दिए। उनले प्रदेशमा उत्पादन भएका सामग्रीको प्रयोग प्रवर्द्धन गर्न नीतिगत व्यवस्था गरिने पनि बताए। प्यानल छलफलमा बैंकिङ क्षेत्रका विज्ञ अनिल केशरी शाह सहितका वक्ताहरूले महिला उद्यम विस्तार, कृषि–उद्योग समन्वय र नीतिगत सुधारमा जोड दिएका थिए। त्यसैगरी उद्योगी पवन गोल्यान ले महिलाको नेतृत्व विकासका लागि नीतिगत र संस्थागत पहल आवश्यक रहेको उल्लेख गरे। कार्यक्रममा सहभागी वक्ताहरूले महिलालाई श्रमशक्ति मात्र नभई निर्णयकर्ता र लगानीकर्ताका रूपमा रूपान्तरण गर्नुपर्नेमा जोड दिएका थिए। सम्मेलन नेपाल उद्योग परिसंघ र यसको कोशी प्रदेश समितिको संयुक्त आयोजनामा सम्पन्न भएको हो।

***उपत्याकामा.....*** उनले जानकारी दिए । कानुनले तोकेअनुसार आयोग र स्थानीय सरकारबीच सहकार्य भएर सुकुमवासी समस्या समाधानमा प्रक्रियागत ढंगले चरणबद्ध काम भइरहेको उनले उल्लेख गरेका छन् ।

***ऋणको ....*** शब्द राखिएको हो ।

समस्याग्रस्त संस्था वा संघको ऋण नतिर्ने सदस्य वा व्यक्तिको नाम कालोसूचीमा समावेश गर्ने प्रावधानलाई भने यथावत राखिएको छ । झूटो वा गलत विवरण पेश गरी कर्जा लिएमा, राखेको धितो कच्चा भएमा वा ऋण हिनामिना गरेको खण्डमा ऋणीमाथि कारवाही हुन सक्ने व्यवस्था सहकारी ऐनमा छ । दफा ११५ को उपदफा (२) मा उपदफा १ अनुसार लेखी आएमा सम्वधित निकायले त्यसको कार्यान्वयन गरी व्यवस्थापन समितिलाई जानकारी गराउनुपर्ने उल्लेख छ । व्यस्थापन समिति भनेको कुनै पनि समस्याग्रस्त सहकारीको आर्थिक मामिला मिलाउनका लागि सरकारले गठन गर्ने समिति हो, जसले सञ्चालक समितिको ठाउँमा काम गर्छ ।

***मुन्दुम...*** *मुन्दुम ट्रेल केवल फूलहरूको गन्तव्य मात्र नभई जैविक विविधता, सांस्कृतिक सम्पदा र साहसिक यात्राको संगम पनि हो। यहाँका मैयुङ, मेरूङ र धोद्रे क्षेत्रका घाँसेमैदानमा १८ भन्दा बढी प्रजातिका गुराँस पाइने अनुसन्धानकर्ताको भनाइ छ। साथै रेडपाण्डा, थार, विभिन्न चराचुरूङ्गी तथा जडीबुटीले भरिपूर्ण वन क्षेत्रले यस पदमार्गलाई झन् विशेष बनाएको छ ।*

*यो ट्रेल किराँत समुदायको ऐतिहासिक र सांस्कृतिक पहिचानसँग पनि गहिरो रूपमा जोडिएको छ । करिब ३ हजार १६५ मिटरको टेम्केडाँडा हुँदै साल्पापोखरी र सिलिचुङसम्म फैलिएको पदमार्गले हिमाली दृश्यसँगै स्थानीय जीवनशैलीको अनुभव गराउँछ । पर्यटकको चहलपहल बढेसँगै स्थानीयले गोठ–स्टे (गोठवास) मार्फत खानपिन र बसोबासको व्यवस्था मिलाएका छन्। चौँरीको दूध, ढिँडो, स्थानीय परिकार र घोडचढीको अनुभवले यात्रालाई अझ अविस्मरणीय बनाउँछ । प्राकृतिक सौन्दर्य र सांस्कृतिक मौलिकताको अद्वितीय संगम बनेको मुन्दुम ट्रेल यतिबेला गुराँसको रङीन उत्सवमा रमाउँदै देशकै आकर्षक पर्यटकीय गन्तव्यका रूपमा स्थापित हुँदै गएको छ ।*

# दमक क्याम्पसमा "ईलाईब्रेरी" भवन शिलान्यास



**दमक/** दमकस्थित दमक बहुमुखी क्याम्पसमा आधुनिक प्रबिधि सहितको पुस्तकालय ई लाईब्रेरी भवन निर्माणको थालनी भएको छ । भवन शिलान्यास समारोहमा कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले विश्वमा प्रतिष्पर्धी जनशक्ति उत्पादनका लागि आधुनिक प्रविधि र विषयको पहुँच सहज पार्दै लानु पर्ने बतए । यसका लागि कोशी प्रदेश सरकार समेत क्रियाशिल रहेको उनको भनाई छ । प्रदेशको सर्वाङ्गीण विकाशका लागि प्रदेश क्रियाशिल रहेको भन्दै उनले पर्यटन, नवप्रवर्तन, रोजगारी अभिवृद्धी, गुणस्तरीय शिक्षाको पहुँच विकासमा ध्यान दिईएको बताए ।

कुल १ करोड ७९ लाख रूपैयाँ को लागतमा २०८५ बैशाख सम्ममा बनाइने सो भवनमा अन्डर ग्राउन्ड चमेना गृह समेत रहने प्राबिधिक योजनामा उल्लेख छ । भवन निर्धारित समयमानै पूरा हुने अपेक्षा राखिएको क्याम्पस सञ्चालक समिति अध्यक्ष ढुण्डिराज भण्डारीले बताए ।

शिलान्यास समारोहमा, क्यम्पस संचालक समितिका पुर्व अध्यक्ष सुरेश सुब्बा, क्याम्पस प्रमुख यज्ञराज गिरीले क्याम्पसमा महत्वपूर्ण सहयोगका लागि मुख्यमन्त्री कार्की र प्रदेश सरकारलाई धन्यवाद दिएका थिए । समारोहमा दमक नगर प्रमुख रामकुमार थापा लगायत विभिन्न विशिष्ट व्यक्तिहरूको आतिथ्यता रहेको थियो ।

# मोरङमा छुट्टाछुट्टै घटनामा दुईको मृत्यु

**विराटनगर/** मोरङमा सोमबार दुई छुट्टाछुट्टै घटनामा एक पुरूष र एक महिलाको मृत्यु भएको छ । धनपालथान गाउँपालिका-४ कर्सियाका अन्दाजी ४० वर्षीय जीवन राम धनपालथान-६ दादरबेरियामा बिहान मृत अवस्थामा फेला परेका हुन् । लेखनाथ दाहालका अनुसार मुखबाट रगत बगेको अवस्थामा स्थानीयले उनलाई देखेपछि प्रहरीलाई खबर गरेका थिए । उनको मृत्युको कारण खुल्न नसकेको र शव पोस्टमार्टमका लागि रंगेली अस्पताल पठाइएको प्रहरीले जनाएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको छ ।

त्यस्तै, सुनवर्षी नगरपालिका–९ मा करेन्ट लागेर ५० वर्षीया मंगलीदेवी मेहताको मृत्यु भएको छ। घरको कलमा जोडिएको मोटरबाट बिजुली लिक हुँदा उनलाई दिउँसो करेन्ट लागेको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ। घटनास्थलमै मृत्यु भएकी मेहताको शव पनि पोस्टमार्टमका लागि रंगेली अस्पताल पठाइएको छ । दुवै घटनाबारे इलाका प्रहरी कार्यालय रंगेलीका इन्स्पेक्टर नरेन्द्रकुमार बोगटी नेतृत्वको टोलीले अनुसन्धान अघि बढाएको प्रहरीले जनाएको छ ।

***सभामुख....*** गर्नुपर्नेमा जोड दिँदै सभामुखसमक्ष सो आग्रह राखिएको बताइन् ।

छलफलमा सभामुख अर्यालले संसदको बर्खे अधिवेशन छिट्टै आह्वान हुने विश्वास व्यक्त गर्दै संसदलाई अझ प्रभावकारी, व्यवस्थित र जनमुखी बनाउने प्रतिबद्धता जनाएका थिए ।

***पत्रकार...*** सुधार गर्न सरकारसँग आग्रह गरे।

सभामा सांगठनिक तथा आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुका साथै पत्रकार सहारा उपचार अक्षयकोष वृद्धि, विज्ञापनसम्बन्धी सरकारी नीति, प्रेस स्वतन्त्रता, स्थानीय तथा स्वरोजगारमूलक मिडियाको संरक्षण, श्रमजीवी पत्रकारका समस्या, पत्रकारिताको शुद्धीकरण, सञ्चार कानुन निर्माणमा ढिलाइ लगायतका विषयमा छलफल भएको थियो।

यस्तै, लामो समयदेखि पत्रकारितामा योगदान पुर्याउने व्यक्तिहरूलाई मानार्थ सदस्यता प्रदान गर्ने प्रस्ताव पनि सभामा प्रस्तुत गरिएको थियो। सो कार्यक्रममा विभिन्न व्यक्तित्वहरूलाई पुरस्कृत समेत गरिएको थियो ।

# सातै प्रदेशमा पहिलोपटक कृषिगणना

**दमक/** कृषि तथा पशुपन्छी विकास मन्त्रालय ले आन्तरिक जनशक्ति परिचालन गर्दै पहिलोपटक सातै प्रदेशमा कृषि गणना सञ्चालन गरेको छ । तीन तहका सरकारको सहभागितामा गरिएको गणनालाई मितव्ययी र प्रभावकारी बनाइएको मन्त्रालयले जनाएको छ । गणकहरू किसानको घरदैलोमै पुगेर मोबाइल तथा ट्याब प्रयोग गरी तथ्याङ्क सङ्कलन गरेका छन् । रामकृष्ण रेग्मी का अनुसार संकलित तथ्याङ्कले कृषि क्षेत्रका नीति निर्माण र कार्यान्वयनमा सहयोग पुर्याउनेछ ।


**कर्मचारी आवश्यकता**

**यस होटलको लागि केही "वेटर"को आवश्यकता परेको हुँदा इच्छुक व्यक्तिले तुरुन्तै सम्पर्क गर्नु होला ।**

**होटल भोजपुरे**
**दमक–५, झापा**
**सम्पर्क : ०२५–५७०७८२**



**बिमा पोलेसी हराएको सुचना**

**मिति २०८२ फागुन १३ गते कमलबाट बिर्तामोड जाने क्रममा मेरो सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स कम्पनी लि.को नाममा जारी बिमा पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध छ ।**

नाम : **अस्मिना राई**
ठेगाना : **कमल–६, झापा**
बिमा पोलेसी नं : **१०४००००००५०२**
मोवाइल नं : **९७०१०५३१४४**



**मनकामना डेन्टल केयर**
**विशेष अफरका साथ**

**यहाँ आधुनिक प्रविधिबाट दाँत र मुख सम्बन्धी सम्पूर्ण उपचार विशेष छुटका साथ गरिन्छ ।**

**Dr. Nabin Kant Chaudhary**
**Consultant Oral & Dental Surgeon**
BDS Bangladesh (RU) NMC No.: 19332

**दमक–६, थानारोड (झापा)**
Call : 9819041615/9810315415


**प्रधान सम्पादक/प्रकाशक**: गञ्जबहादुर दाहाल, **कार्यालय**: दमक-५, झापा, फोन: ०२३-५७०२७२, **प्रबन्धक**: सुवासचन्द्र भट्टराई, **मुद्रण**: ज्योति अफसेट प्रेस, **कार्यकारी सम्पादक**: खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com **ले-आउट**: सुरेन बस्नेत **सल्लाहकार** : पंकज दाहाल